**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# माध्यमिक तह नेपाली विषयको पाठ्यांशमा रहेका व्याकरण खण्डको पहिचान

**कुलप्रसाद घिमिरे**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Kul Prasad Ghimire* *Email: kpbigutar@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.80004*

**लेखसार**

*भाषालाई शुद्ध,परिष्कृत पार्ने व्याकरणलाई भाषाको आत्मा मानिन्छ । व्याकरणलाई भाषिक अनुशासन कायम राख्ने शास्त्र समेत भनिन्छ । भाषालाई उत्कृष्ट प्रयोगका लागि व्याकरणको खास महत्त्व हुन्छ । व्याकरणको शिक्षण सिकाइबाट सम्पूर्ण विद्यार्थीहरू त्यसमा पनि माध्यमिक तह अध्ययन गर्ने विद्यार्थीहरूले गर्ने प्रयोग गर्ने भाषिक प्रयोगको त्रुटि वा अशुद्ध रूपलाई सुधार गर्न सकिन्छ । नेपाली भाषाको उच्चस्तरीय क्षमता वृद्धि गराउन विद्यालयदेखि विश्व विद्यालयसम्म नेपाली व्याकरणको शिक्षण गर्ने गराउने प्रचलन रहेको छ । नेपाली व्याकरण नेपाली भाषाका आन्तरिक नियम व्यवस्थासँगै आबद्ध व्याकरण मानिन्छ । नेपाली व्याकरणले नेपाली भाषालाई बुझ्न र व्याख्या गर्न सहयोग पुऱ्याउँदछ । यसका साथै नेपाली भाषाको स्तरयुक्त, मानक, शिष्ट, शुद्ध र सान्दर्भिक प्रयोग साथै संरचना र सिप सिकाइलाई भाषिक एकरूपता, स्थिरता र सम्प्रेषणीयता हासिल गराउन मार्ग निर्देश गर्दछ । यसले विद्यालय तहको माध्यमिक तहमा नेपाली विषयको पाठ्यक्रमले तोकेका व्याकरण खण्डको विश्लेषण गरी उक्त तहका अध्येतालाई शिक्षण सिकाइमा सहयोग पुऱ्याउँदछ भन्ने अपेक्षा राखिएको छ । यस लेखमा माध्यमिक तहको नेपाली व्याकरणमा रहेका शीर्षक उपशीर्षकहरूको जानकारी र शिक्षणका क्रममा आइपरेका सामान्य समस्याहरू समाधानका उद्देश्य राखिएको छ । व्याकरण शिक्षणका प्रकृयाहरूलाई आधार मानेर द्वितीय स्रोतका सामग्रीहरूको उपयोग गरी विद्यालय तहमा नेपाली विषयको पाठ्यांशमा रहेका विषयहरूको पहिचान गर्ने क्रममा पुस्तकालयीय विधिमा आधारित भई द्वितीय स्रोतका सामग्रीहरूलाई यहाँ विश्लेषणात्मक शैलीमा प्रस्तुत गरिएको छ । माध्यमिक*

*तहको पाठ्यांशमा नेपाली व्याकरण शिक्षण गर्दा भाषिक सिप शिक्षण सँगै भाषा तत्ववगत सिकाइमा जोड दिनु पर्ने, शैक्षणिक व्याकरणलाई आत्मसात गरी शिक्षण गर्नु पर्ने, शिक्षकहरूमा ज्ञान तथा तालिमको व्यवस्था गरिनु पर्ने व्याकरण शिक्षणलाई प्रयोगात्मक,व्यवहारिक र कार्यमूलकमा जोड दिइ सिकाइ क्रियाकलाप गरिनुपर्ने देखिन्छ । अत: वर्तमान माध्यमिक नेपाली विषयको व्याकरण खण्डबारे सबैलाई थप सुसूचित गर्दै यसमा समेटिएका शीर्षक उपशीर्षकका बारेमा जानकारी दिइ उक्त विषयहरूको बारेमा थप स्पष्ट पार्ने काम यस लेखमा गरिएको छ ।*

**विशेष शब्दावली :** *भाषातत्व, व्युत्पत्ति,वाक्यान्तरण,सम्प्रेषण,परिष्कृत*

## विषय परिचय

भाषालाई परिष्कृत,शुद्ध,स्तरीय र मानक बनाउने नियमलाई व्याकरण भनिन्छ । व्याकरणको प्रयोगबाट भाषा परिमार्जित हुन्छ । व्याकरणको ज्ञान र व्यवहार तथा विशुद्ध प्रयोगको अभ्यासहरूबाट शुद्ध भाषाको प्रयोग गर्न सकिन्छ । भाषा शिक्षणमा व्याकरणलाई विशिष्ट भाषिक विषयवस्तुका रूपमा लिएर अध्ययन अध्यापन गर्ने चलन रहेको छ । मानव समुदायमा सम्प्रेषणको कार्य गर्ने यादृच्छिक र परम्परित वाक्यप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । (शर्मा र लुइँटेल, २०६४ पृ.) भाषामा समाविष्ट घटकहरू वर्ण,रूप,शब्द,वाक्य आदिमा रहेको अन्तरनिहित व्यवस्थालाई भाषातत्व अर्थात व्याकरण भन्ने गरिन्छ । अझ स्पष्ट पार्नु पर्दा व्याकरणले खास गरी नियम र प्रयोगलाई जनाउछ भने भाषातत्वले पहिचान र प्रयोगको अवस्थालाई जनाउने गर्दछ । यसरी व्याकरण र भाषातत्वलाई एक अर्काको पर्यायको रूपमा लिइन्छ । कार्यमूलक व्याकरणको सिद्धान्त अनुसार कुनै पनि भाषामा रहेका अन्तर्निहित तत्वहरूलाई भाषातत्व भन्ने गरिन्छ । भाषामा वर्ण,रूप,शब्द,शब्दका रूपहरू,संरचना वाक्यात्मक घटकहरू उक्त घटकहरूबिचको पारस्परिक सम्बन्धका साथै भाषामा प्रयुक्त शब्द तथा वाक्यहरूलाई शुद्ध प्रयोय कसरी गर्ने भन्ने सन्दर्भका नियमहरूको संगालो व्याकरण हो । व्याकरण शिक्षणको मुख्य उदेश्य विद्यार्थीमा हुने भाषा प्रयोगको अशुद्धिलाई निर्मूल पार्न हो । (शर्मा र पौडेल, २०६० पृ. १५३) । यसरी व्याकरणले विद्यार्थीमा भाषिक सीपको विकास गराउँदै शुद्ध लेखनका लागि प्रेरित गर्दछ ।

व्याकरणको परिभाषा दिने क्रममा नेपाली बृहत ज्ञानकोश २०४० मा उल्लेख गरिएको छ - ' कुनै भाषाका शब्द, शब्दका विभिन्न रूप,तिनको संरचना विधि,वाक्य र त्यसका विभिन्न अङ्ग तथा तिनीहरूको पारस्पारिक सम्बन्ध खुट्याउनुका साथै शब्द, वाक्य आदिको शुद्ध प्रयोग तथा वाक्य सम्बन्धी नियम तथा उदाहरणको सङ्कलन गर्ने शास्त्र' भनेर व्याख्या गरिएको छ ।

यसरी व्याकरण भन्नाले भाषाको आन्तरिक संरचनामा रहेका रूप,वर्ण,शब्द,वाक्य आदिको भाषिक व्यवहार प्रदर्शन गर्ने र भाषालाई मानक,स्तरीकृत बनाउने महत्त्वपूर्ण शास्त्र भन्ने बुझिन्छ । व्याकरणमा शब्द संरचना,व्युत्पति,शब्दको चयन,शब्द निर्माण,वाक्य गठनका साथै सङकथनसम्मका घटकहरूको व्याख्या र विश्लेषण गरी भाषिक सिपको विकास गर्दै भाषिक सामर्थ्य र सम्पादन गर्न सक्ने सक्षमतालाई नियमबद्ध ,

व्यवहारिक र व्यवस्थित बनाउने ज्ञान व्याकरणले दिन्छ । भाषाबिना व्याकरणको कल्पना गर्न नसकिने भएकाले व्याकरणलाई भाषाबाट पृथक गरी जटिल तरिकाले शिक्षण गर्न खोज्दा भाषा शिक्षणमा कृत्रिमता आई अवैज्ञानिक र अव्यावहारिक हुन जाने भएकोले विद्यालयीय शिक्षामा कार्यमूलक व्याकरणको अवधारणा ल्याउने काम वर्तमान पाठ्यक्रमले गरेको छ । त्यसैले नेपाली भाषालाई राष्ट्रभाषा, सरकारी कामकाजको भाषा, माध्यम भाषाको रूपमा रहेकोले यसको शिक्षण विद्यालयीय शिक्षादेखि उच्च शिक्षासम्म अनिवार्य रूपमा गरिदै आएको छ । खास गरी माध्यमिक तहको नेपाली भाषा शिक्षणको क्रममा व्याकरणलाई महरत्वपूर्ण दृष्टिकोणले हेरिएको छ । किनकी भाषा बिना व्याकरण नहुने र व्याकरण विना भाषाको उपयुक्त विकास र विस्तार हुन नसक्ने भएकोले भाषा र व्याकरणलाई एक अर्कोमा परिपूरक ठानी माध्यमिक तहमा भाषा शिक्षणसँगै व्याकरण शिक्षण गरिनु पर्ने मान्यता अगाडि सारिएको छ । तसर्थ भाषाविना व्याकरणको सार्थकता हुँदैन र व्याकरणविना भाषाको मानक,शुद्ध र स्तरीय प्रयोग हुन सक्दैन ।

विद्यालयीय शिक्षामा नेपाली भाषा शिक्षणको क्रममा फरक फरक मातृभाषाबाट आएका विद्यार्थीहरूलाई एउटै कक्षा कोठामा राखी शिक्षण गर्नुपर्ने हुन्छ । अर्थात एकै कक्षामा माातृभाषी तथा विमातृभाषी दुवै खाले विद्यार्थीलाई भाषा शिरुक्षणको क्रममा एकरूपता बनाउन असाध्यै कठिन हुन्छ । त्यस्तो परिस्थितिलाई सरल र सहज बनाउन मातृभाषी विद्यार्थीको भाषिक भाषिक प्रयोगमा रहेका कमी कमजोरी न्यूनीकरण गर्दै निराकरण गर्न व्याकरण शिक्षण अपरिहार्य छ, अझ विमातृभाषी विद्यार्थीको भाषिक प्रयोगलाई अपेक्षाकृत सुधारोन्मुख गराउने भाषाका विधाहरूसँगै व्याकरण शिक्षण गर्न आवश्यक भएकोले यसलाई शिक्षणीय विषय मानिएको छ ।

यस लेखमा विशेष गरी माध्यमिक तहमा अध्ययन अध्यापन गराइने नेपाली विषय अन्तर्गत रहेका व्याकरणात्मक पाठ्यवस्तु समावेश गरिएको छ । यस भन्दा अगाडि अन्य लेखहरूमा व्याकरण खण्डको बारेमा लेखिएता पनि किटान गरी माध्यमिक तहमा अध्यापन गर्न पाठ्यक्रमले तोकेका व्याकरणात्मक विषयवस्तुहरूको निक्यौंल गरी लेखिने लेखको अभाव परिपूर्तिको अपेक्षा गर्दै सङ्क्षेपमा यो लेख तयार गरिएको छ ।

खास गरी यस अध्ययनले माध्यमिक तहमा रहेका व्याकरणका विषयवस्तुहरू, त्यसको शिक्षणको विधि र कार्यकलापका साथै व्याकरण शिक्षणका समस्याको विश्लेषणात्मक अध्ययन गरिनेछ । वर्तमान शिक्षाको संरचना अनुसार माध्यमिक शिक्षा भन्नाले विद्यालयीय तह कक्षा ९ देखि १२ सम्म अध्ययन अध्यापन गर्ने तह भनी बुझिन्छ । उक्त तहमा अध्यापन गराइने व्याकरण खण्ड पाठ्यक्रममा उल्लेख गरे बमोजिम भाषातत्वका विषयहरू -नेपाली वर्णको पहिचान पहिचान र प्रयोग कथ्य र लेख्य सहित,वर्ण विन्यास, पद वर्ग,पदसङ्गति, वाक्य पहिचान र प्रयोग, क्रियाका काल र पक्ष , क्रियाका भाव,शब्द निर्माण, कारक र विभक्ति , वाच्य आदि जस्ता विषयवस्तुहरू समेटिएको छ । माध्यमिक तहका विद्यार्थीहरूको व्याकरणिक पक्षको पहिचान र प्रयोग गर्न सक्ने क्षमता निर्माण गर्न पाठ्यक्रममा विभिन्न सिकाइ

सहजीकरण कार्यकलापहरू राखिएको छ । जुन मध्ये प्रस्तुतीकरण, अभ्यास, उत्पादन, प्रयोगात्मक कार्य, सिकाइ सहजीकरण, मूल्याङ्कन र पृष्ठपोषण । यी कार्यकलापलाई चरणबद्धरूपमा प्रयोग गरी उक्त तहमा रहेका सिकारुका समस्यालाई समाधान गरी व्याकरणलाई भाषा शिक्षणसँग सँगै निरन्तरता दिनु र नेपाली भाषालाई स्तरीय,शुद्धर मानक भाषाको रूप प्रयोग गर्न सक्षम बनाउने उदेश्य राखिएको छ ।

**अध्ययनको समस्या**

भाषालाई परिष्कृत,शुद्ध , स्तरीय र मानक बनाउन व्याकरणको अहम भूमिका हुन्छ । तर विद्यालयीय शिक्षाको माध्यमिक तहमा व्याकरण शिक्षणको क्रममा पाठ्यक्रमले राखेको उदेश्य अनुरूप भाषाका विषयवस्तु सँगै पाठ्यांशमा तोकिएका व्याकरणका विषयवस्तु पहिचान गर्नु,व्याकरण शिक्षणका विधि तथा प्रक्रियाको विश्लेषण गर्नु, व्याकरण शिक्षणका मुख्य मुख्य कार्यकलापहरूको व्याख्या गर्नु र सिकारुलाई व्याकरण किन जटिल भएको महसुस हुन्छ भनी समस्याको समाधानतर्फ उन्मुख हुनु यस अध्ययनको मुख्य विषय रहेको छ ।

**अध्ययनको उदेश्य**

माध्यमिक तहको नेपाली विषय अन्तर्गत पाठ्यक्रमले तोकिएका व्याकरणका विषयवस्तुको एकिन गर्नु,उक्त व्याकरण खण्डमा समेटिएका शीर्षक उपशीर्षकको पहिचान गर्नु,व्याकरण शिक्षणका कार्यकलाप पहिचान गर्नु,उपयुक्त विधिहरूको व्याख्या गर्नु, स्तर सुहाउँदा कार्यकलापहरूको पहिचान गर्नु यस अध्ययनको मुख्य उदेश्य रहेको छ ।

**अध्ययनको सीमाङ्कन**

माध्यमिक तहको पाठ्यक्रममा उल्लिखित व्याकरणका विषयका शीर्षक तथा उपशीर्षकहरूको पहिचान,व्याकरण शिक्षणका विधिहरू र कार्यकलापको सङ्क्षेपमा चर्चा गुर्न यस अनुसन्धानको सीमा हो । व्याकरणका अन्य पक्षाको अन्य विस्तृत अध्ययन यसमा गरिएको छैन् ।

**अध्ययन विधि**

यस लेखमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी द्वितीय स्रोतका सामाग्रीबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनले खास गरी माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमले तोकेका व्याकरण खण्डका विषयवस्तुलाई प्राथमिकता दिएकोले सोही तहका विषयवस्तुको सङ्कलन सामाग्रीको वर्णनात्मक,व्याख्यात्मक, र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

**सामाग्री सङ्कलन**

यस अध्ययनको मुख्य सामाग्री विशेष गरी माध्यमिक तहको कक्षा ९ देखि १२ सम्मको पाठ्यक्रममा तोकिएका व्याकरणका विषयवस्तु का साथै उक्त तहका पाठ्यपुस्तकमा रहेका व्याकरणका कार्यकलापमा रहे भएका विषय यस अध्ययनका विषयहरू हुन् । माध्यमिक तहको पाठ्यक्रममा समाविष्ट व्याकरणका सन्दर्भ सामग्रीहरूको चर्चा गरिने हुँदा द्वितीय स्रोत सामग्री पाठ्यक्रम र व्याकरणका

पाठ्यपुस्तहरू रहेका छन् भने प्राथमिक सामग्रीमा माध्यमिक तहमा नेपाली अध्यापन गराउने शिक्षक प्रशिक्षक तथा सिकारु समेत सामाग्रीका रूपमा प्रयोग गर्न सकिनेछ ।

**विश्लेषणको ढाँचा**

वर्तमान नेपालको विद्यालयीय शिक्षाका लागि तयार गरिएको माध्यमिक शिक्षा पाठ्यक्रम -२०७८ अन्तर्गत रहेका व्याकरण खण्डका विभिन्न विषयवस्तुहरूलाई देहाय अनुसार पहिचान र विश्लेषण गरिएको छ ।


**व्याख्या तथा छलफल**

**वर्ण पहिचान तथा वर्णविन्यास :**

ध्वनि भन्दा माथिल्लो र रूप भन्दा तल्लो तहमा रहेको भाषिक एकाइलाई वर्ण भनिन्छ । फरक फरक ध्वनिको समाविष्टबाट वर्ण निर्धारण हुने भएकोले ध्वनि भन्दा माथिल्लो एकाइ वर्ण मानिन्छ । वर्ण उच्चारणको क्रममा मानिसको मुखबाट सास फेर्दा एक झोक्कामा उच्चारण हुने ध्वनिलाई चिनाउन लेखिने अर्थ भेदक चिह्न हो । वर्णहरू निश्चित भाषिक परिवेश अनुसार अर्थ भेदक हुने गर्दछन् भने स्वतन्त्र प्रयोग हुँदा निरर्थक हुन्छन् । वर्णलाई लेख्य भाषाको सानो एकाइ मानिन्छ । खास गरी वर्णहरू मानवीय अवयवबाट उच्चारण हुन्छन् । नेपाली भाषामा स्वर र व्यञ्जन वर्णहरू रहेका छन् । ती मध्ये पनि कथ्य स्वर वर्ण र लेख्य स्वर वर्णहरू फरक फरक रहेका छन् । यस वर्ण तथा वर्ण व्यवस्था अन्तर्गत नेपाली स्वर र व्यञ्जन वर्णको विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । जस्तै : उच्चारण स्थान, प्रयत्न, प्राणत्व र घोषत्व आदिका आधारमा अध्ययन विश्लेषण गरिनेछ ।

**पदवर्ग :**

वाक्यमा प्रयोग भएर शब्दले गर्ने कार्यका आधारमा वाक्यमा रहेका शब्दलाई छुट्याइ सो को शब्द समूह एकिन गर्नु पदवर्ग हो । पदवर्गलाई शब्दवर्ग पनि भनिन्छ । अर्थात भाषामा प्रयुक्त शब्दहरूलाई व्याकरणात्मक प्रकार्यका आधारमा वर्गीकरण गरिनु शब्दवर्ग हो । यसरी वाक्यमा आइ उक्त पदहरूले गर्ने कार्यका आधारमा छुट्याउने पदवर्गलाई नौ भागमा विभाजन गरी अध्ययन गरिन्छ ।



**पदसङ्गति :**

पदसङ्गति भनेको वाक्यमा रहेका पदहरूको मेल हो । वाक्यमा प्रयोग भएका शब्दहरूको लिङ्ग,वचन,पुरुष,काल, भाव, पक्ष, कारक, विभक्ति आदिका आधारमा रूपात्मक मेल हुनुलाई पदसङ्गति भनिन्छ । पदसङ्गति हुँदा मुख्यत: कर्ता र क्रिया, विशेषण र विशेष्यका साथै आदरार्थी बिचको मेललाई हेरिन्छ । पदसङ्गति कर्ता र क्रिया बिचको,कर्म र क्रियाबिचको,विशेषण र विशेष्य बिचको, भेदक र भेद्यबिचको,सङ्ख्येय र असङ्ख्येय बिचको, क्रिया र विशेषण बिचको सङ्गति यसका प्रकारहरू हुन् । यस अन्तर्गत देहाय बमोजिमका व्याकरणात्मक कोटीहरूको पदसङ्गति हेरिन्छ ।

अ. लिङ्गको पदसङ्गति

आ. बचनको पदसङ्गति

इ. पुरुषको पदसङ्गति

ई. आदरको पदसङ्गति

**वाक्य :**

दुई वा सो भन्दा बढी शब्दहरूबाट निर्मित उपवाक्यभन्दा ठूलो र अनुच्छेद भन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्यमा एक वा सो भन्दा बढी उपवाक्यहरू हुन सक्दछन् । वाक्यमा एउटा उदेश्य र एउटा विद्येय अनिवार्य मानिन्छ । यसका साथमा उदेश्य विस्तारक र विद्येय विस्तारक रूपमा अन्य शब्दहरू पनि समाविष्ट हुन्छन् । वाक्यमा कर्ता र क्रिया, कर्ता, कर्म र क्रिया, कर्ता , पूरक र क्रिया, कर्ता, क्रियायोगी,कर्म र क्रिया, कर्ता,कर्म, प्रकारहरूको अध्ययन गरिन्छ ।

अ. सरल वाक्य

आ. संयुक्त वाक्य

इ. मिश्र वाक्य

**क्रियाका काल र पक्ष :**

वाक्यमा प्रयोग भएको क्रियाले कार्यव्यापारसँग सम्बन्धित भएर जनाउने समयलाई काल भनिन्छ । वा काल भन्नाले समयको विभाजन भन्ने बुझिन्छ । क्रियाको कालले काम सम्पन्न भइसकेको, हुँदै गरेको र काम सम्पन्न हुन बाँकी रहेको समयलाई जनाउने गर्दछ ।

कालको पनि विशेष अवस्थालाई जनाउने व्याकरणात्मक कोटीलाई पक्ष भनिन्छ । अर्थात क्रियाको कालसँग सम्बन्धित भएर अवस्था पक्ष हो । यसले क्रियाको कामको पूर्णता, अपूर्णता, निरन्तरता आदि अवस्था बोध गर्दछ । काल र पक्षको विभाजनलाई देहाय बमोजिमको चार्टमा देखाउन सकिन्छ ।

काल र यसका पक्षहरू

भूत अभूत

वर्तमान भविष्यत्

सामान्य अपूर्ण पूर्ण अज्ञात अभ्यस्त सामान्य अपूर्ण पूर्ण

**क्रियाको भाव :**

वक्ताको मनोभावना व्यक्त गर्ने क्रियापदको अर्थलाई भाव भनिन्छ । वक्ताले उसको मनका भावहरू व्यक्त गर्नेक्रममा निश्चयार्थ,सम्भावनार्थ,प्रश्नार्थक, अनुरोधार्थक,आज्ञार्थ,इच्छार्थ,सङ्केतार्थ आदिको प्रकट गर्नु भाव हो । नेपाली क्रियाका भावलाई मुख्यत: देहाय बमोजिम विभाजन गर्न सकिन्छ ।

भाव

सामान्यार्थ विध्यर्थ अनिश्चयार्थ

आज्ञार्थ इच्छार्थ अनुरोधार्थ सम्भावनार्थ सङ्केतार्थ

**शब्द निर्माण :**

कुनै पनि भाषामा नयाँ शब्द बनाउने कार्यलाई शब्द निर्माण भनिन्छ । नेपाली भाषामा पनि शब्द निर्माण गर्ने विभिन्न तरिकाहरू छन् । यसलाई व्यत्पादन वा शब्द रचना पनि भन्ने गरिन्छ । खास गरी आधार तत्वमा आद्येपतत्व जोडिएर शब्द निर्माण हुन्छन् । यसरी आधार तत्वमा आधेयतत्व जोडिएर खास गरी उपसर्ग र प्रत्ययबाट शब्द निर्माण हुने गर्दछन् । यसरी कुनै पनि धातु वा मूल शब्दमा उपसर्ग, प्रत्यय लगाएर वा समास गरेर वा द्वित्वको माध्यमद्वारा नयाँ शब्द निर्माण गर्ने कार्य गरिन्छ । मुख्यत: शब्द निर्माण गर्ने विभिन्न प्रक्रिया मध्ये तल उल्लेख गरिएको छ ।

शब्द निर्माण

सर्ग प्रक्रिया समास प्रक्रिया द्वित्व प्रक्रिया

पूर्व सर्ग परसर्ग तत्पुरुष कर्मधारय द्विगु द्वन्द्व अव्ययी भाव बहुब्रीहि पूर्ण द्वित्व आंशिकद्वित्व आपरिवर्तित द्वित्व

(पूर्व सर्गलाई संस्कृत पूर्व सर्ग , तद्भव र आगन्तुक पूर्वसर्ग र परसर्गलाई कृत परसर्ग तद्वित परसर्गमा विभाजन गर्न सकिन्छ ।)

**शब्द तथा शब्दको स्रोत :**

एक वा एक भन्दा बढी अक्षरहरू मिली बनेका अर्थयुक्त भाषिक एकाइलाई शब्द भनिन्छ । वाक्यमा शब्दहरू स्वतन्त्ररूपमा प्रयोग हुन्छन् र उक्त शब्दहरूले वाक्यलाई अर्थपूर्ण बनाउँछन् । वाक्य निर्माणको सन्दर्भमा शब्दहरू महत्त्वपूर्ण घटक हुन् । शब्द वाक्यमा प्रयोग हुँदा पद बन्दछन् । शब्द शब्दहरूको सङ्ग्रह शब्दभण्डार हो । अर्थात कुनै पनि भाषामा प्रचलित शब्दहरूको सङ्ग्रह शब्दभण्डार हो । नेपाली भाषामा मुख्यत: तिन प्रकृतिका शब्दहरूको प्रयोग भएको पाइन्छ ।

अ. तत्सम

आ. तद्भव

ग. आगन्तुक

**शब्दको वर्गीकरण**

**स्रोतका आधारमा शब्दको वर्गीकरण :**

जुनसुकै भाषा प्रयोग भएका शब्दशरुको उत्पतिको स्थानलाई शब्द स्रोत भनिन्छ । नेपाली भाषामा संस्कृत भाषा र अन्य भाषाबाट आएका शब्दहरूको प्रयोग भएको पाइन्छ । शब्दको स्रोतका आधारमा शब्दलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

मौलिक शब्द - तत्सम ,तद्भव

आगन्तुक शब्द - स्वदेशी स्रोतका आगन्तुक शब्द जस्तै : तामाङ,नेवार,गुरुङ,मगर आदि ।

विदेशी स्रोतका आगन्तुक शब्द जस्तै : अङ्ग्रेजी, फारसी,चिनियाँ आदि ।

**संरचना वा बनोटका आधारमा शब्दको वर्गीकरण :**

शब्द निर्माण हुने प्रक्रियालाई बनोट भनिन्छ । यसलाई शब्द व्युत्पादन वा शब्द निर्माण प्रक्रिया पनि भनिन्छ । बनोटका आधारमा शब्दलाई दुइ भागमा विभाजन गर्न सकिन्छ ।

**मूल शब्द :**

आफै निर्माण भएका दुइ वा सो भन्दा बढी सार्थक टुक्रामा टुक्रयाउन नसकिने शब्दलाई मूल शब्द भनिन्छ । मूल शब्दलाई अव्युत्पन्न शब्द वा अयौगिक शब्द पनि भनिन्छ ।

**व्युत्पन्न शब्द :**

निर्माण प्रक्रियाबाट बनेका शब्दलाई व्युत्पन्न शब्द भनिन्छ । व्युत्पन्न प्रक्रियाका प्रकारहरू निम्न छन् :

उपसर्ग प्रक्रियाबाट शब्द निर्माण

प्रत्यय प्रक्रियाबाट शब्द निर्माण

समास प्रक्रियाबाट शब्द निर्माण

द्वित्व प्रक्रियाबाट शब्द निर्माण

सन्धि प्रक्रियाबाट शब्द निर्माण

**रूपायनका आधारमा शब्दको वर्गीकरण :**

व्याकरणात्मक कोटीका आधारमा रूप परिवर्तन भइ नयाँ शब्द बन्ने प्रक्रियालाई रूपायन भनिन्छ । नेपाली भाषामा कतियप शब्द रूपायन हुने र कतिपय रूपायन नहुने प्रकृतिका रहेका छन् । यसका आधारमा नेपाली शब्दलाई विकारी र अविकारी गरी दुइ भागमा विभाजन गरिन्छ ।

**विकारी शब्द**

वाक्यमा लिङ्ग, बचन, पुरुष, आदर, काल, भाव, पक्ष कारक आदिका आधारमा शब्दको रूप परिवर्तन हुन्छ भने त्यस्ता शब्दलाई विकारी शब्द भनिन्छ । यस अन्तर्गत नाम,सर्वनाम,विशेषण र क्रियापद पर्दछन् ।

**अविकारी शब्द**

वाक्यमा लिङ्ग, बचन, पुरुष, आदर, काल, भाव, पक्ष कारक आदिका आधारमा शब्दको रूप परिवर्तन हुदैन भने त्यस्ता शब्दलाई अविकारी शब्द भनिन्छ । यस अन्तर्गत नामयोगी, क्रियायोगी, विस्मयादिबोधक, निपात र संयोजक पर्दछन् ।

**लेख्य चिह्न**

भाषालाई लिखित रूपमा अभिव्यक्त गर्ने क्रममा प्रयोग गरिने चिह्नलाई लेखय चिह्न भनिन्छ । भाषालाई स्तरीय र शुद्ध रूपमा प्रयोग गर्न लेख्य चिह्नको महत्त्वपूर्ण भूमिका रहन्छ । लेख्य चिह्नको प्रयोगले लिखित अभिव्यक्तिमा अर्थपूर्ण र प्रभावकारी बनाउन सहयोग पुर्‍याउँछ । नेपाली भाषालाई लिखित अभिवक्ति गर्ने क्रममा लेख्य चिह्नको प्रयोगले भाषालाई अर्थबोध,सुगम र सरल बनाउँछन् । लेख्य चिह्नलाई बिराम चिह्न पनि भनिन्छ । विशेष गरी नेपाली भाषामा प्रयोग गरिने लेख्य चिह्नहरू देहाय बमोजिम छन् ।

अ. अल्प विराम ( ,) आ. पूर्ण विराम (।) इ. अर्ध विराम ( ;) ई. उदगार ( !) उ.कोष्ठक (  )
ऊ.निर्देशक ( :- ) ए. प्रश्न वाचक ( ?) ऐ. योजक चिह्न ( - ) ओ. उद्धरण चिह्न ( “ ” )

**व्याकरणात्मक कोटी**

नेपाली भाषालाई शुद्ध,स्तरीय र मानक बनाउने क्रममा प्रयोग हुने कोटीहरूलाई व्याकरणात्मक कोटी भनिन्छ । लिङ्ग,बचन,पुरुष, आदर,काल, भाव, पक्ष,वाक्य कथन,ध्रुवीयता आदि व्याकरणात्मक कोटीका आधारमा एक प्रकृतिको वाक्यलाई अर्को प्रकृतिको वाक्यमा रूपान्तरण गर्न सकिन्छ ।

**लिङ्ग**

सजीव प्राणीको भाले वा पोथी जाति विशेषलाई जनाउने व्याकरणात्मक कोटीलाई लिङ्ग भनिन्छ । लिङ्ग दुइ प्रकारका रहेका छन् ।

अ. पुलिङ्ग ख. स्त्रीलिङ्ग

पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्ग र स्त्रीलिङ्गी वाक्यलाई पुलिङ्मा रूपान्तरण गर्न सकिन्छ ।

**वचन**

एक वा एक भन्दा वढी सङ्ख्या बुझाउने व्याकरणात्मक कोटीलाई वचन भनिन्छ । यसका एक वचन र बहुवचन गरी दुई ओटा प्रकारहरू रहेका छन् । एक वचनका वाक्यलाई बहुवचन र बहुवचनका वाक्यलाई एक वचनमा रूपान्तरण गर्न सकिन्छ ।

**पुरुष**

वाक्यमा प्रयोग हुन आएका त्यस्ता पद जसले व्यक्ति विशेषलाई बुझाउँछ भने त्यस्ता व्याकरणात्मक कोटीलाई पुरुष भनिन्छ । पुरुषका प्रकारहरू देहाय बमोजिम रहेका छन् ।

प्रथम पुरुष (बोल्ने वक्ता प्रथम पुरुष हुन्छ । )

द्वितीय पुरुष (सुन्ने श्रोत द्वितीय पुरुष हुन्छ । )

तृतीय पुरुष (बोल्ने र सुन्ने बाहेक गफको विषय वस्तु बन्ने पुरुष तृतीय पुरुष हुन्छ । )

**आदर**

आदर भन्नाले कुनै पनि आफूभन्दा ठूला व्यक्ति प्रतिको सम्मान , इज्जत तथा प्रतिष्ठा भन्ने बुझिन्छ । यसरी कुनै पनि व्यक्ति प्रतिको आदरको भाव व्यक्त गर्ने व्याकरणत्मक कोटीलाई आदरार्थी भनिन्छ । नेपाली भाषामा आदरार्थी वाक्य मार्फत आदर प्रकट गरिन्छ । मुख्यत: आदरार्थी वाक्यलाई चार भागमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

निम्न आदर - तँ, ऊ

मध्यम आदर -तिमी,उनी, यिनी

उच्च आदर -तपाइँ , हजुर, उहाँ

अति उच्च आदर -मौसुफ

यी आदरार्थीका प्रकारका आधारमा एक प्रकृतिको वाक्यलाई अर्को प्रकृतिको वाक्यमा रूपान्तरण गर्न सकिन्छ ।

**कारक र विभक्ति**

वाक्यमा प्रयोग भएका त्यस्ता शब्दहरू जसले क्रियासँग प्रत्यक्ष रूपमा अर्थगत र कार्यगत सम्बन्ध राख्ने नाम वा सर्वनामलाई कारक भनिन्छ । यसरी कारक क्रियाको अधिनमा रहन्छ । साथै कारक र क्रियाको आपसी सम्बन्ध हुन्छ । कारकको सामान्य अर्थ काम गर्नु भन्ने बुझिन्छ । वाक्यमा क्रियाको कार्यमा सहायक हुने वा साधन हुने शब्द कारक हो । वाक्यमा प्रयुक्त नाम वा सर्वनामका विभिन्न रूपहरू कारक हुन् । कारकलाई विभिन्न आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

**कार्य वा अर्थका आधारमा कारकको वर्गीकरण**

कार्य वा कारकले दिने अर्थका आधारमा कारकलाई विभिन्न छ प्रकारमा विभाजन गर्न सकिन्छ । जस्तै :

| | |
|---|---|
| कर्ता कारक | कर्म कारक |
| करण कारक | सम्प्रदान कारक |
| अपादान कारक | अधिकरण कारक |

**बाहिरी स्वरूप वा संरचनाका आधारमा कारकको वर्गीकरण**

बाहिरी स्वरूप वा कारक बन्ने स्वरूपका आधारमा कारक बन्दा नाम पदको रूपमा परिवर्तन वा विकार आउने र नआउने नामिक पदलाई आधार मानी विभक्ति चिह्न लागेका र नलागी कारक बन्ने कारका स्वरूप दुइ प्रकारका रहेका छन् । ती हुन् :

सरल कारक तिर्यक कारक

**विभक्ति**

वाक्यका नामिक पदका पछाडि आएर गाँसिने कारकीय चिह्नलाई विभक्ति भनिन्छ । विभक्तिले वाक्यमा रहेका शब्दहरूको अर्थ स्पष्ट पार्ने र पूर्वउपर सम्बन्ध दर्शाउने काम गर्दछ । विभक्तिको प्रयोग स्वतन्त्र नभइ यी नामिक पदसँग गाँसिएर प्रयोग हुन्छन् । त्यसैले विभक्तिलाई नामिक पदसँग गाँसिएर आइ वाक्यको अर्थ स्पष्ट पार्ने काम गर्ने पद भनिन्छ ।

विभिक्ति पनि विभिन्न सात प्रकारका रहेका छन् ।

प्रथमा विभक्ति द्वितीय विभक्ति

तृतीय विभक्ति चतुर्थ विभक्ति

पञ्चमी विभक्ति षष्ठी विभक्ति

सप्तमी विभक्ति

**ध्रुवीयता**

कुनै पनि वाक्यको क्रियापदले प्रदान गरेको अर्थ सकारात्मक वा नकारात्मक के रहेको छ त्यसलाई जनाउने व्याकरणात्मक कोटीलाई ध्रुवीयता भनिन्छ । यसका प्रकारहरू दुइ ओटा रहेका छन् ।

करण अकरण

वाक्यको क्रियापदले सकारात्मक अर्थ प्रदान गर्दछ भने त्यसलाई करण र नकारात्मक अर्थ प्रदान गर्दछ भने त्यसलाई अकरण भनिन्छ । करणबाट अकरण र अकरणबाट करणमा वाक्यानतरण हुने गर्दछ ।

**वाच्य**

वाच्य भनेको वाक्य भित्रको भनाइ हो । उक्त वाक्यमा कर्ता, कर्म, र क्रिया वा भाव मध्ये कुनै एक प्रमुख रहेको हुन्छ । यसरी वाक्यमा रहेका त्यस्ता प्रमुख अवयवलाई चिनाउने व्याकरणात्मक कोटीलाई वाच्य भनिन्छ । अथवा वाक्यमा रहेका कर्ता कर्म र भाव मध्ये कुनै एक प्रमुख हुन्छ । यो मुख्यत: क्रियासँग सम्बन्धित भइ व्यक्त हुन्छ । वाक्यमा प्रयोग भएको क्रियाको भनाइको केन्द्रीयतामा कर्ता भए कर्तृवाच्य, कर्म भए कर्मवाच्य र भाव भए भाववाच्य हुने गर्दछ । वाच्य तिन प्रकारका हुन्छन् ।

कर्तृवाच्य - कर्ता प्रमुख हुने

कर्मवाच्य - कर्म प्रमुख हुने

भाव वाच्य - भाव वा क्रियापदको अर्थ प्रमुख हुने

कर्तृवाच्यमा सकर्मक र अकर्मक दुवै क्रिया पदको प्रयोग हुन्छ । भने कर्मवाच्यमा सकर्मक क्रियापदको प्रयोग हुन्छ । त्यस्तै गरी भाववाच्यमा अकर्मक क्रियापदको प्रयोग हुन्छ । यसका आधारमा कर्तृवाच्यका वाक्यहरू कर्मवाच्य तथा भाववाच्यमा परिवर्तन वा रूपान्तरण गर्न सकिन्छ ।

**उक्ति परिवर्तन**

कुनै पनि एक वक्ता वा लेखकले भनेको भनाइ पाठक वा श्रोता समक्ष सम्प्रेषण गर्ने माध्यमलाई कथन भनिन्छ । कथनलाई उक्ति पनि भनिएको पाइन्छ । कुनै पनि व्यक्तिको भावना, विचार,अनुभव वा

अनुभूति मौखिक वा लिखित रूपमा व्यक्त गर्ने प्रक्रियालाई उक्ति भनिन्छ । वक्ताले जे भनेको छ त्यही जस्ताको त्यस्तै उद्युत गरिएको भनाइ प्रत्यक्ष कथन र मुख्य वक्ताले भनेको कुराको आशयलाई आधार मानी आफ्नो ढङ्गले प्रस्तुत गरिएको वाक्यलाई अप्रत्यक्ष कथन भनिन्छ । यसरी कथनलाई दुइ भागमा विभाजन गरिएको हुन्छ ।

प्रत्यक्ष कथन अप्रत्यक्ष कथन

एक प्रकृतिको कथनलाई अर्को प्रकृतिको कथनमा परिवर्तन गर्नु वा प्रत्यक्ष कथनलाई अप्रत्यक्ष र अप्रत्यक्ष कथनलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नु उक्ति परिवर्तन हो ।

उक्ति परिवर्तनको प्रक्रिया अन्तर्गत पुरुषमा परिवर्तन,कथन अंशका क्रियापदको स्वरूपमा परिवर्तन, निकटता सन्दर्भकमा परिवर्तन, कथयिता अंशका क्रियापदमा परिवर्तनलाई आधार मानी उक्ति परिवर्तन गर्न सकिन्छ ।

**पदक्रम**

वाक्यमा पदहरूको आउने र रहने क्रममलाई पदक्रम भनिन्छ । वाक्यमा आएका पदहरूको क्रम आ आफ्नो र निश्चित हुन्छ । पदक्रमले वाक्यको अर्थलाई स्पष्ट पार्ने काम गर्नुका साथै अर्थयुक्त वाक्य बनाउने काम गर्दछ । व्याकरणिक नियमानुसार वाक्यमा रहने पदहरूको क्रमलाई सामान्य पदक्रम र व्याकरणिक नियम भन्दा भिन्न प्रकृतिको पदक्रमलाई विशिष्ट पदक्रम भनिन्छ । यसलाई साहित्यिक पदक्रम समेत भनिन्छ । यसरी प्रकारगत दृष्टिकोणले पदक्रमलाई दुइ भागमा विभाजन गरी अध्ययन गरिन्छ ।

सामान्य पदक्रम विशिष्ट पदक्रम

**वाक्य संश्लेषण र विश्लेषण**

**वाक्य संश्लेषण**

दुई वा दुईभन्दा बढी सरल वाक्यहरू जोडिए एउटै वाक्य बनाउने प्रक्रियालाई वाक्य संश्लेषण भनिन्छ । यसलाई वाक्य संयोजन पनि भनिएको पाइन्छ । साथै एक भन्दा वढी वाक्यहरूलाई एउटै वाक्यमा समेटिने हुँदा यसलाई वाक्य समास पनि भनिन्छ । वाक्य संश्लेषणमा एक वा एक भन्दा वढी असमापिका क्रिया हुन्छन् भने समापिका क्रिया भने एक मात्र हुन्छ । वाक्य संश्लेषण गर्दा एक वाक्यको समापिका क्रिया बाहेक अरू सबै वाक्यका क्रियापदलाई असमापिका क्रियामा परिवर्तन गरी बनाइन्छ । वाक्य संश्लेषण गर्ने सन्दर्भमा विभिन्न किसिमका कृदन्तहरू र संयोजकको प्रयोग गरिन्छ । यसरी दुइ वा सो भन्दा वढी वाक्यहरू संश्लेषण गरेरसरल,संयुक्त र मिश्र वाक्य बनाउन सकिन्छ ।

**वाक्य विश्लेषण**

दुई वा सो भन्दा बढी सरल वाक्यहरू मिली बनेको संश्लेषित वारक्यलाई अलग अलग बनाइ टुक्रयाएर छुट्याउने प्रक्रियालाई वाक्य विश्लेषण भनिन्छ । यो वाक्य संश्लेषणको विपरित प्रक्रिया हो । वाक्य विश्लेषण दुई तरिकाबाट गर्न सकिन्छ । प्रथम संश्लेषित वाक्यका उपवाक्यलाई सरल वाक्यमा छुट्याएर र दोस्रो तरिका वाक्यका उपवाक्यबिचको पारस्परिक सम्बन्ध देखाएर संरचना विधि स्पष्ट पार्ने ।

वाक्य संश्लेषणलाई विश्लेषण गर्दा विभिन्न तरिकाहरू अपनाउन सकिन्छ । जस्तै : असमापिका क्रियालाई समापिका क्रिया बनाएर, मिश्रवाक्यमा प्रयोग भएका सापेक्ष संयोजकहरू हटाएर, संयुक्त वाक्यमा प्रयोग भएका निरपेक्ष संयोजक हटाएर, पदावली तथा उपवाक्यहरूलाई वाक्य बनाएर , विशेषणलाई वाक्यको तहमा लगेर वाक्य विश्लेषण गर्न सकिन्छ ।

**शब्द भण्डार**

कुनै पनि भाषाका शब्दहरूको ढुकुटी वा रासलाई शब्ल भण्डार भनिन्छ । भाषामा प्रयोग भएका शब्दहरूका न्यूनतम पनि एक वा सो भन्दा वढी अर्थ हुन्छन् । साथै भाषामा रहेका शब्दको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अझ भाषा शिक्षणको क्रममा त भाषाका शब्दहरूको अर्थ बोध नभइ सोबारेमा कुनै ज्ञान हुँदैन । माध्यमिक तहको शिक्षा प्राप्त गर्ने क्रममा विद्यार्थीले शब्दार्थ ज्ञानको भण्डारलाई बढाउनु पर्दछ । माध्यमिक तह नेपाली विषयको पाठ्यक्रम अन्तर्गत रहेको व्याकरण खण्डमा शब्द भण्डारमा रहेका विभिन्न प्रकारहरूलाई चर्चा गरिएको छ । ती हुन् : पर्यायबाची शब्द , अनेकार्थक शब्द, अनुकरणँत्मक शब्द, विपरीतार्थक शब्द, श्रुतिभिन्नार्थी शब्द, समावेशब र समावेश्य शब्द, लघुताबाची शब्द, सङ्क्षिप्त शब्द, समूहबाचक शब्द र पारिभाषिक तथा प्राविधिक शब्द ।

**उखान तथा टुक्का**

उखान परम्परागत आहान हो । यस्तो सूत्रात्मक कथन जुन परम्परागत समाजको अनुभवबाट निसृत: र विकसित हुँदै आएको पाइन्छ । विशेष गरी उखानको प्रयोग कथ्य भाषामा पाइन्छ तर यसलाई लेख्य भाषामा पनि प्रयोग गरी भनाइलाई गर्विलो र चोटिलो बनाउने काम गरिन्छ । साथै यसले अभिव्यक्तिललाई रोचक, आर्कषक , सशक्त , मिठास र प्रभावकारी बनाउने काम गर्दछ ।

**टुक्का**

साधारण अर्थलाई छोडी विशेष किसिमको अर्थ दिने पदावली टुक्का हो । टुक्काको प्रयोगले भाषालाई सरल, चोटिलो, गतिशील र रोचक बनाउँछ ।

**निष्कर्ष**

यसरी भाषाको विकास र विस्तारसँगै भाषालाई शुद्ध, स्तरीय र मानक रूपमा प्रयोग गर्न व्याकरणको अपरिहार्य रहन्छ । त्यस माथि पनि नेपाली भाषाको व्याकरण संस्कृत व्याकरणबाट प्रभावित छ । नेपाली भाषा सरकारी कामकाजको भाषा, माध्यम भाषाका साथै राष्ट्रभाषाका रूपमा मान्यता प्राप्त भाषा हो । दैनिक जीवनका कामकाजमा समेत नेपाली भाषाको प्रयोग सही ढङ्गबाट गरिनु पर्दछ । विद्यालयीय शिक्षामा नेपाली विषय अनिवार्य विषयको रूपमा शिक्षण गरिनुका साथै उच्च शिक्षामा समेत अनिवार्यको साथै ऐच्छिक विषयको रूपमा शिक्षण गर्दै आएको र नेपाली विषयसँगै माध्यमिक तहको पाठ्यक्रमको व्याकरण खण्डमा भाषातत्व भनी व्याकरणका अभ्यासहरू राखिएको पाइन्छ । खास गरी माध्यमिक तहमा नेपाली विषयको पठन पाठन सँगै कार्यमूलक रूपमा व्याकरणका कार्यकलापहरू गराउँदै व्याकरणलाई छुटै विषयका रूपमा नलिइ भाषाकै एक खण्डका रूपमा शिक्षण गरिनुले व्याकरणलाई पृथक नबनाइ भाषाकै अभिन्न अङ्ग बनाइएको छ । यसले भाषासँगै व्याकरण गर्दै सिक्दै, पढ्दै सिक्दै गर्ने वातावरण पाठ्यक्रम

विकास केन्द्रद्धारा जारी माध्यमिक तहको पाठ्यक्रमले गरेको छ । यसै अनुसार तयार पारिएका पाठ्यपुस्तकमा पर्याप्त अभ्यासहरू राखी सिकारुको नेपाली भाषाप्रति अभिरुचि बढाउने कार्य गरिएको देखिन्छ ।

यसरी भाषा र व्याकरण विच अन्योन्याश्रित सम्बन्ध रहेको र भाषासँगै व्याकरण शिक्षण गर्न सके मात्र विद्यार्थी दक्ष हुन्छन् । व्याकरणको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान आर्जन गर्नका लागि यसका विषयवस्तुका विभिन्न पक्षबारे जानकारी हुन आवश्यक देखिन्छ । माध्यमिक तहमा रहेका व्याकरण खण्डका विविध विषयवस्तुलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । व्याकरण शिक्षणका उपयुक्त विधिहरूका साथै व्याकरण शिक्षणमा देखा परेका समसामयिक विषयवस्तुहरूलाई समेत यस अध्ययनमा चर्चा गरिएको छ । साथै व्याकरणलाई जटिल मान्ने प्रवृतिलाई यस अध्ययनले सहज ढङ्गले सहयोग पुर्‍याउने अपेक्षा गरिन्छ । पाठ्यक्रम , पाठ्यसामाग्री तथा पाठ्यपुस्तकमा भए रहेका व्याकरणका विषयवस्तु लाई यसले थप छर्लङ्ग बनाउने विश्वास गरिएको छ ।

## सन्दर्भ सामाग्री


अधिकारी, हेमाङ्गराज, (२०६३), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज, (२०७१) *समसामयिक नेपाली व्याकरण,* विद्यार्थी पुस्तक भण्डार ।

चौहान, ईश्वर, (२०६६), *सरकारी र बोर्डिङ स्कुलका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा ६ मा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग , त्रि. वि. ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *निम्नमाध्यमिक तहको पाठ्यक्रम,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *माध्यमिक तहको पाठ्यक्रम,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

पोखरेल, माधव प्रसाद (२०५४) *नेपाली वाक्य व्याकरण,* एकता बुक्स डिस्टिब्युटर्स ।

शर्मा, केदारप्रसाद र माधव पौडेल, (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* न्यु हिरा बुक्स ।

शर्मा, मोहनराज (२०७१) *शब्द रचना र वर्ण विन्यास,वाक्यतत्व र विविध अभिव्यक्ति,* भानुपुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०६४), *आधुनिक भाषाविज्ञान,* विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र अन्य (२०७२) *प्रवेशिका व्याकरण,* भुँडी पुराण प्रकाशन ।